बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

*बैठक संख्याः*

*श्री*

आज मिति २०८३ साल आषाढ २६ गते दिउसो ३:०० बजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

<u>उपस्थिति</u>

| क.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री बाबुराम पौडेल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | श्री पुष्कर काफ्ले, वरिष्ठ प्रशासकीय अधिकृत | |
| २९. | | श्री विष्णुलाल पुरी, वरिष्ठ लेखा अधिकृत | |
| ३०. | | श्री मञ्जु खनाल, वरिष्ठ प्रशासकीय अधिकृत | |
| ३१. | | श्री कृष्णबहादुर थापा क्षेत्री, स.प्र.अ | |

प्रस्तावहरु :

१. योजना तथा कार्यक्रमको (ठेक्का) म्याद थप सम्बन्धमा ।

२. ऊर्जा विकास उपसमिति गठन तथा सञ्चालन कार्यविधि, २०८३ सम्बन्धमा ।

३. ऊर्जा विकास उपसमितिको गठन सम्बन्धमा ।

४. जग्गाको रजिष्ट्रेसन शुल्क कायम तथा श्रेष्ता स्थानान्तरण सम्बन्धमा ।

५. नगर शिक्षा योजना निर्माण सम्बन्धमा ।

६. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको क्षेत्र निर्धारण सम्बन्धमा ।

७. कर्मचारीको तलव समायोजन सम्बन्धमा ।

८. विविध ।

क) धन्यवाद ज्ञापन सम्बन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरी देहाय वमोजिमको निर्णय गरियो ।

निर्णय नं. १

- चालु आ.व. २०८२/०८३ मा ठेक्का सम्झौता भै समयमा कार्य सम्पन्न हुन नसकी अधुरा अवस्थामा रहेका देहायवमोजिमका योजनाहरुको मिति २०८३ साल पौष मसान्तसम्म म्याद थप गर्ने ।

| क्र.स. | ठेक्का नं | योजनाको नाम | सम्झौता गर्ने कम्पनीको नाम | सम्झौता रकम रु | हाल सम्म भूक्तानी भएको रकम रु | भुक्तानी हुन वाँकी रकम रु | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | ५-०८२/८३ | वडा नं १४ को कार्यालयबाट पवित्रवस्ती हुँदै प्रतापपुर सिमा सम्म जाने बाटो पिच वडा नं १४ | मानुसी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. बर्दघाट, नवलपरासी | ३२९५५७२.१६ | ९८८२६२.७७ | २३०७३०९.३९ | |
| २ | ६-०८२/०८३ | कन्चनगढी जाने अधुरो बाटो कालोपत्रे वडा न ५ र भगजोगनीबाट वडा न ८ भानुनगर हुदै सुर्यपुरा जाने बाटो निर्माण वडा न ११ | जुनतारा-घिमिरे नम्सु जे.भी बर्दघाट-१ | २०१९८३८१।६२ | १०२९९९६४।९६ | ९८९८४१६।७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ७/०८२/०८३ | पल्ली चोकदेखी पश्चिम जाने बाटो कालोपत्रे वडा न २ र ब्लक नं. २ बाटो कालोपत्रे वडा नं २ | सि साईन कन्स्ट्रक्सन एण्ड सप्लायर्स मध्यपुर ठिमी -३, भक्तपुर | १४१२१२६.५४ | ० | १४१२१२६।५ | |
| ४ | १२/०८२/०८३ | वडा नं ६ को वडा कार्यालय भवन निर्माण | रामग्राम कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. रामग्राम-५ नवलपरासी | ७३०११५७।३ | ६०१९६७४।७ | १२८१४८२।६ | |
| ५ | १३/०८२/०८३ | वडा नं १३ को वडा कार्यालय भवन निर्माण | पुजा निर्माण सेवा पाल्हीनन्दन -३ नवलपरासी | ७२४०५५४।३ | ३५१३०६५।८५ | ३७२७४८८।५ | |
| ६ | १६/०८२/०८३ | पन्थटोल बाटो स्तरोन्नति वडा नं १३ र अधिकारी चोकदेखि कृषि चोकसम्म सडक कालोपत्रे | किरण निर्माण सेवा बर्दघाट -१३ नवलपरासी | ७६११२७ | ० | ७६११२७।३२ | |
| ७ | ३२/०८२/०८३ | भटौलिया हुलाकी सडक- वड्की भटौलिया-माकर-जिमिरेभार सडक तथा त्रिवेणी रोड बस पार्क- नगरपालिका सडक, बर्दघाट १२ र ४ | मनोहर कन्स्ट्रक्सन सरावल-२ नवलपरासी | ४६८३५८७२८ | | ४६८३५८७२८ | सडक बोर्ड नेपाल को योजना |
| ८ | ३३/०८२/०८३ | नवलपरासी जिल्ला बर्दघाट नगरपालिका-०६ मा बेतहानी मनोरञ्जन पार्क | बनदेवी निर्माण सेवा बर्दघाट-१२, नवलपरासी | २०९६९६५।८६ | १६७२७४५।०२ | ४२४२२०।८४ | |
| ९ | ३५/०८२/०८३ | वडा नं ३ को कार्यालयको थप कार्य | विराज कन्स्ट्रक्सन सरावल-१ नवलपरासी | ५६६०४५३।९ | ३४७९३३९।४२ | २१८१११४।५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | ४०८२/०८३ | वडा नं ९ को अधुरो वडा कार्यालय निर्माण | जेसीका निर्माण सेवा एण्ड सप्लायर्स प्रा लि सरावल -१ नवलपरासी | ७०३५६५४१५२ | ३४४३९९७१५ | ३५९१६५७४ | |
| ११ | ४४/०८२/०८३ | अधुरो वडा कार्यालय भवन निर्माण वडा नं १ ५ र १५ | दीर्घकालिन इन्जिनियरिङ्ग कन्स्ट्रक्सन तिलोत्तमा-२ रुपन्देही | ६२०८६५०२६ | ४२६८३५५१८७ | १९४०२९४१४ | |
| १२ | | फोहोर मैला प्रशोधन केन्द्रको IEE निर्माण | बारवरा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ५०००००.० | | ५०००००.० | |
| जम्मा | | | | | | २८०२५२३८.० | |

- मिति २०८३/०३/२४ सम्म कार्यसम्पन्न गर्ने गरी मिति २०८३/०३/१५ मा सम्झौता भएको देहायको आयोजनाको सम्बन्धित आपूर्तिकर्ताले समयमा माल सामान आपूर्ति नगरेकोले ठेक्का प्रकृया रद्ध गरी नियमानुसार कार्वाही प्रकृया अगाडि बढाउने ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | ३८-०८२/०८३ | Interactive smart Board खरिद तथा जडान (सामुदायिक विद्यालयहरुमा) | वि.टी प्लानेट प्रा.लि काठमाण्डौ | १२७५६५७०.० | | १२७५६५७०.० | |

- देहायको आयोजनाहरुको लागि आगामी आर्थिक वर्षमा बजेटको व्यवस्था मिलाउन नगरसभामा पेश गर्ने ।

| क. सं | आयोजनाको नाम | योजना स्थल | विनियोजन रकम रु हजारमा | |
|---|---|---|---|---|
| १. | Interactive smart Board खरिद तथा जडान (सामुदायिक विद्यालयहरुमा) | न.पा | ६०,००.० | |
| २. | कृषि पशुपन्छिको अधुरो भवन निर्माण | वडा नं ९ | १५,००.० | |

निर्णय नं. २

- विधेयक समितिबाट दफावार छलफल भई आएको **"बर्दघाट नगरपालिकाको ऊर्जा विकास उपसमिति गठन तथा सञ्चालन कार्यविधि, २०८३"** स्वीकृत गर्ने ।

निर्णय नं. ३

- "बर्दघाट नगरपालिकाको ऊर्जा विकास उपसमिति गठन तथा सञ्चालन कार्यविधि, २०८३" को दफा ३ बमोजिम देहायको ऊर्जा विकास उपसमिति गठन गर्ने ।
  संरक्षक: श्री रुद्रप्रकाश उपाध्याय, उपप्रमुख
  सल्लाहकार: श्री चन्द्रकान्त चापागाई, संयोजक, पूर्वाधार विकास समिति
  सल्लाहकार: श्री बाबुराम पौडेल, प्रमुख प्रशासकीय अधिकृत
  संयोजक: श्री विमला गुरुङ्ग, वडा अध्यक्ष वडा नं ५
  सदस्य: श्री रामेश्वर पौडेल, विज्ञ सदस्य वडा नं ४
  सदस्य: श्री कृष्णप्रसाद सापकोटा, वडा नं ७
  सदस्य: श्री ईश्वर चौधरी, वडा नं ६
  सदस्य: श्री शिवप्रसाद पाण्डे, वडा नं ४

निर्णय नं. ४

- साविक माकर गा.वि.स. वडा नं. २/क, २/ख जग्गाको श्रेष्ता साविक जहदा वडा नं ४ र ५ हालको वडा नं १२ मा पर्न गई सो नक्साको स्रेस्ता साविक माकर गा.वि.स. को स्रेस्तामा रहेकोले जग्गा रजिष्ट्रेशन गर्दा न्यूनतम थैली अङ्क साविक माकरको दरमा कायम हुँदा चलन चल्तीको मूल्यभन्दा न्यूनतम थैली अङ्क अधिक हुन गई जग्गा धनी मारमा परेकोले साविक माकर-२/क र २/ख हालको वडा नं १२ मा सारी साविक जहदाको मूल्याङ्कन कायम गर्न भूमि प्रशासन कार्यालय, परासीमा अनुरोध गर्ने ।

निर्णय नं. ५

- बर्दघाट नगर कार्यपालिकाको कार्यालयबाट तयार भई पेस हुन आएको "बर्दघाट नगरपालिकाको नगर शिक्षा योजना, २०८३" स्वीकृत गरी अनुमोदनका लागि नगरसभामा पेस गर्ने ।

निर्णय नं. ६

- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासी व्यवस्थापन गर्ने प्रयोजनार्थ निजहरुको पहिचान र प्रमाणीकरणका लागि आधार र मापदण्ड तोक्ने व्यवस्था भए बमोजिम महेन्द्र राजमार्गदेखि २०० मिटर सम्म दायाँ बायाँ जोडिएको शहरउन्मुख क्षेत्रलाई शहरीक्षेत्र तोकी अन्यत्र सबै वडाका विभिन्न स्थानमा बसोवास गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई ग्रामीणक्षेत्र कायम गर्ने र निजहरुको लगत संकलनका क्रममा केही छूटपुट हुन गएकोले पुनः संकलन गरी प्रमाणीकरणको लागि समयावधि थप गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

निर्णय नं. ७

- बर्दघाट नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको पारिश्रमिक सङ्घीय सरकारको नीति बमोजिम समायोजन गर्ने ।करार सेवा र ज्यालादारीमा कार्यरत कर्मचारीको पारिश्रमिकको हकमा नगरपालिकाको श्रोत अनुसार समायोजन गर्ने ।

निर्णय नं ८ विविध ।

क) बर्दघाट नगरपालिकाको चालु आर्थिक वर्ष ०८२/०८३ मा योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने शिलशिलामा नगरपालिकाको विकास र सेवा प्रवाह तथा वित्तीय प्रगति हासिल गर्न सहयोग पुर्याउनुहुने सम्पूर्ण कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, राजनीतिक दल, कर्मचारी मित्रहरु, निर्माण व्यावसायी, उपभोक्ता समिति, सञ्चारकर्मी, नीजि क्षेत्र, आम नागरिक लगायत सम्पूर्ण सरोकारवालाहरुमा धन्यबाद ज्ञापन गर्ने ।